तिरहुत गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# विनियोजन ऐन, २०८०

तिरहुत गाउँपालिका, सप्तरी को आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन सभाबाट स्वीकृत मिति:

**प्रस्तावना :**

तिरहुत गाउँपालिका, सप्तरी २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम तिरहुत गाउँपालिका, सप्तरीको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "तिरहुत गाउँपालिका, सप्तरीको विनियोजन ऐन" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५०,६७,५४,१००.०० (अक्षेरुपी रुपैयाँ पचास करोड सतसठ्ठी लाख चौवन्न पचहत्तर लाख मात्र |) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन :</u>**

(१) यस ऐनद्‌धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त तिरहुत गाउँपालिका, सप्तरीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा आंशिक वा सम्पूर्ण रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकम कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

अनुसूची-१

(दफा-२ सँग सम्बन्धित)

नेपालको संविधानका धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

*रु. हजारमा ।*

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | विभिन्न कोष तर्फ | ४६००० | | | ४६००० |
| २ | | कार्यालय संचालन | ९०००० | | | ९०००० |
| ३ | | विषयगत शाखा तर्फ | ८४००० | | | ८४००० |
| ४ | | वडा तथा गा.पा. तर्फ | | १३८२५४.१ | | १३८२५४.१ |
| ५ | | शसर्त (संघ) | १२२२०० | | | १२२२०० |
| ६ | | शसर्त (संघ) | | ४८०० | | ४८०० |
| ७ | | विशेष (संघ र प्रदेश) | | १२००० | | १२००० |
| ८ | | सम्पुरक (संघ र प्रदेश) | | ९५०० | | ९५०० |
| | | **जम्मा :** | **३४२२००** | **१६४५५४.१** | | **५०६७५४.१** |